सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

**विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।**

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

KHABAR DARPAN PRIMARY

तपाई जुन सुकै ठाउँमा भए पनि हामीलाई सामग्री पठाएर । विज्ञापन वापतको रकम जम्मा गरेको स्क्रिनसट पठाउनुस् । हामी विज्ञापन गरी दिन्छौं ।

♦ वर्ष ९ ♦ अंक ३०७ ♦ २०८३ साल साउन ९ शनिवार ♦ 25 July 2026 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

# गृहमन्त्रीको अनुगमन शैलीविरुद्ध महोत्तरीका व्यवसायी आन्दोलित

**खबर दर्पण समाचारदाता**
**साउन ८ गते, बर्दिवास**

मधेश प्रदेशका गृह, सञ्चार तथा कानुनमन्त्री फकिरा महतोको नेतृत्वमा भइरहेको बजार अनुगमनको शैलीप्रति असन्तुष्टि जनाउँदै महोत्तरीका तीन प्रमुख व्यावसायिक संस्थाले विरोध जनाएका छन्।




होटल तथा पर्यटन व्यवसायी सङ्घ महोत्तरी, महोत्तरी चेम्बर अफ कमर्स तथा बर्दिबास उद्योग वाणिज्य सङ्घले शुक्रबार संयुक्त पत्रकार सम्मेलन गरी अनुगमनका क्रममा होटल तथा पर्यटन व्यवसायीमाथि गरिएको व्यवहारप्रति गम्भीर आपत्ति व्यक्त गरेका हुन्।

संस्थाहरूले संयुक्त धारणा सार्वजनिक गर्दै अनुगमनको नाममा व्यवसायीलाई अपराधीसरह व्यवहार गर्ने, सार्वजनिक रूपमा बदनाम गर्ने तथा अनावश्यक धरपकड गर्ने कार्यले समग्र व्यावसायिक वातावरण प्रभावित भएको बताएका छन्। उनीहरूले व्यवसायीहरू कानुनको पूर्ण पालना, व्यावसायिक अनुशासन तथा सेवा-सुविधाको गुणस्तर अभिवृद्धिप्रति सदैव प्रतिबद्ध रहेको उल्लेख गर्दै उद्योग-व्यवसायलाई व्यवस्थित, प्रतिस्पर्धी र गुणस्तरीय बनाउन राज्यका निकायसँग सहकार्य गर्न तयार रहेको बताएका छन्।

विज्ञप्तिमा उद्योग-व्यवसायको संरक्षण र प्रवर्द्धन गर्नुपर्ने सरकारी निकायबाट नै व्यवसायीलाई अपराधीसरह व्यवहार गरिनु दुःखद भएको उल्लेख गरिएको छ।

बिहीबार गृहमन्त्री महतोको नेतृत्वमा बर्दिबासका होटलहरूमा अनुगमन गरिएको थियो। सो क्रममा नाव्या होटलका सञ्चालक सुधिर अग्रवालसँग मन्त्री महतोको भनाभन भएको थियो। घटनाका क्रममा अग्रवाललाई प्रहरीले नियन्त्रणमा लिएको थियो। अनुगमनका क्रममा होटलको स्टोरबाट अखाद्य वस्तु फेला परेको जनाइएको छ।

होटल तथा पर्यटन व्यवसायी सङ्घ महोत्तरीका अध्यक्ष गुञ्जबहादुर कार्कीले पर्यटन उद्योगमा नियमित, निष्पक्ष र पारदर्शी अनुगमन हुनुपर्नेमा आफ्नो संस्थाको पूर्ण समर्थन रहेको बताए। तर, अनुगमनका क्रममा देखिएका कमजोरीलाई कानुनी प्रक्रिया अनुसार सुधार गर्ने अवसर दिनुपर्नेमा जोड दिँदै सामान्य त्रुटिलाई अनावश्यक रूपमा प्रचारप्रसार गरेर व्यवसायीलाई बदनाम गर्ने, त्रास सिर्जना गर्ने तथा पर्यटन क्षेत्रको साखमा आँच पुर्‍याउने गतिविधि स्वीकार्य हुन नसक्ने बताए।

यता गृहमन्त्री महतोले भने व्यवसायीहरूको लापरवाहीका कारण आफूहरू कडा अनुगमन गर्न बाध्य भएको प्रतिक्रिया दिएका छन्। जनहितका लागि अनुगमन अभियान सञ्चालन गरिएको उल्लेख गर्दै उनले कसैको दबाब वा धम्कीबाट पछि नहट्ने बताए। उनले भने, "म कसैको धम्कीले डराउँदिन, राजीनामा पत्र खल्तीमा बोकेर हिँडेको छु।"









फारम भर्ने अन्तिम मिति : २०८३ श्रावण १७ गते सम्म

प्रवेश परीक्षा : २०८३ श्रावण २१ गते

# लोक कलाकार पलायनसँगै ओझेलमा मिथिलाका ऐतिहासिक लोकनाच

अजयकुमार साह

**साउन ८ गते, बर्दिवास**

मिथिलाको इतिहास, लोकविश्वास र सांस्कृतिक पहिचान बोकेका दर्जनौं ऐतिहासिक लोकनाच आज लोपोन्मुख अवस्थामा पुगेका छन्। पुस्तौंदेखि गाउँ-बस्तीमा पुस्तान्तरण हुँदै आएका यी लोकनाचको अभ्यास क्रमशः बन्द हुँदै जाँदा कलाकार पलायन भएका छन् भने नाच कम्पनीसमेत एकपछि अर्को बन्द हुन थालेका छन्। परिणामस्वरूप मिथिलाको सांस्कृतिक सम्पदामाथि नै संकट गहिरिँदै गएको छ।

मिथिला क्षेत्रमा इस्वी संवत्को सातौं-आठौं शताब्दीदेखि प्रचलनमा रहेको मानिने राजा सलहेस, शीतवसन्त, रुनाम्झुना, बादशाह, गोपीचन्द, कुँवर बृजमान, सुन्दर वनको सुन्दर फूल, अल्लाह रुदल, गुगलीघाट, सामाचकेवा तथा कमला मैयालगायतका लोकनाच अहिले विरलै देख्न पाइन्छ। यी नाचसँगै जोडिएका कलाकारको सङ्ख्या घट्दै जानु र नयाँ पुस्तामा चासो कम हुँदै जानुले परम्परागत प्रस्तुतिहरू लोप हुने अवस्थामा पुगेका हुन्।

त्यसैगरी जयविषहरा, दुलहा दयालसिंह, विदेशिया, दिनाभद्री, लोरिक, राजानल, राजा हरिश्चन्द्र, सती विहुला, कारिक, महराई शोखामहाजन, महराई कारिक महाराज, आल्हा रुदल र झगडु मलजस्ता ऐतिहासिक लोकनाच पनि अहिले स्मृतिमा मात्र सीमित बन्दै गएका छन्। यी नाचले मिथिलाको सामाजिक जीवन, वीर गाथा, प्रेमकथा, धार्मिक आस्था र लोकसंस्कृतिलाई जीवन्त रूपमा अभिव्यक्त गर्ने गरेका थिए।

महोत्तरीको सम्सी गाउँपालिका-५ निवासी ४५ वर्षीय लोककलाकार रामचरित्र महरा दश वर्षको उमेरदेखि नै लोकनाचमा सक्रिय हुनुहुन्छ। उहाँका अनुसार आफूले दुई दर्जनजति कलाकारलाई नृत्य प्रशिक्षण दिए पनि अधिकांश रोजगारीको खोजीमा भारततर्फ लागेपछि समूह नै विघटन भएको छ।

"पहिले गाउँगाउँमा हाम्रो टोलीको माग हुन्थ्यो। अहिले कलाकार नै छैनन्। सिकाएका सबैजना रोजगारीका लागि बाहिर गए," उहाँले भन्नुभयो।





कलाकारको अभावसँगै उहाँले सञ्चालन गर्दै आएको नाच कम्पनी पनि बन्द गर्नुपरेको बताउनुहुन्छ। विगतमा गाउँघरका मेला, पर्व र विवाह समारोहमा नियमित प्रस्तुत हुने लोकनाच अहिले विरलै आयोजना हुने गरेको उहाँको अनुभव छ।

महराका अनुसार डिजिटल प्रविधिको विस्तारसँगै बजारमा ऐतिहासिक लोकनाचका भिडियो र रेकर्डिङ सहज रूपमा उपलब्ध हुन थालेपछि प्रत्यक्ष प्रस्तुति दिने परम्परा पनि कमजोर बनेको छ। यसले नाच कम्पनीको आर्थिक आधार खस्किँदै गएको छ। उहाँका अनुसार महोत्तरी जिल्लामा मात्र पाँच दर्जनभन्दा बढी परम्परागत नाच कम्पनी बन्द भइसकेका छन्।

स्थानीय बासिन्दा धनवीर महतोका अनुसार विशेषगरी ग्रामीण समाजमा अत्यन्त लोकप्रिय रहेका यस्ता लोकनाच माओवादी द्वन्द्वकालपछि निरन्तर प्रभावित हुँदै आएका हुन्। सुरक्षा चुनौती, आर्थिक अभाव र सामाजिक परिवेशमा आएको परिवर्तनले परम्परागत सांस्कृतिक गतिविधि क्रमशः खुम्चिँदै गएको उहाँको भनाइ छ।

"अहिले कहिलेकाहीँ विवाह समारोहमा मात्र यस्ता नाच देख्न पाइन्छ। पहिलेजस्तो उत्साह र निरन्तरता छैन," उहाँले भन्नुभयो, "संरक्षणको पहल नभए केही वर्षमै यी लोकनाच इतिहासका पानामा मात्र सीमित हुने खतरा छ।"

संस्कृतिविद्हरूका अनुसार मिथिलाका यी लोकनाच मनोरञ्जनका माध्यम मात्र होइनन्। तिनले स्थानीय समाजको इतिहास, जनविश्वास, नैतिक शिक्षा, धार्मिक परम्परा र लोकजीवनलाई पुस्तौंसम्म हस्तान्तरण गर्ने महत्वपूर्ण भूमिका निर्वाह गरेका छन्। त्यसैले यिनको संरक्षण सांस्कृतिक सम्पदाको संरक्षणसँग प्रत्यक्ष रूपमा जोडिएको विषय हो।

स्थानीय कलाकारले ऐतिहासिक लोकनाच जोगाउन राज्यका तीनै तहका सरकारले संरक्षण कार्यक्रम सञ्चालन गर्नुपर्ने, कलाकार लाई प्रोत्साहन तथा आर्थिक सहयोग उपलब्ध गराउनुपर्ने र स्थानीय तहमार्फत नियमित बजेट विनियोजन गरी प्रशिक्षण, अभिलेखीकरण तथा सार्वजनिक प्रदर्शनलाई निरन्तरता दिनुपर्ने माग गरेका छन्।

मिथिलाको सांस्कृतिक पहिचानका रूपमा स्थापित यी लोकनाच समयमै संरक्षण गर्न नसकिए भावी पुस्ताले आफ्नै मौलिक सांस्कृतिक सम्पदालाई पुस्तकका पानामा मात्र पढ्नुपर्ने अवस्था आउन सक्ने चिन्ता सरोकारवालाले व्यक्त गरेका छन्।

## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिंग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### बर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय बर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| इलाका प्रशासन कार्यालय बर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

| | |
|---|---|
| एम्बुलेन्स (सोसल वेलफेयर & रिसर्च सेन्टर) | ४१-५४०२३२ |
| महेन्द्रनगर,धनुषा | ९८४४०२४४५०/ ९८०४८२५८६० |
| एम्बुलेन्स (हिमालय युवा क्लव नक्टाझिज) | ०४१-६२०४९१ ९८०४८१५१२६ |
| इलाका प्रहरी कार्यालय महेन्द्रनगर | ५४०१९९ |
| विद्युत प्राधिकरण महेन्द्रनगर | ५४०१६१ |

# जानकी मन्दिरको गद्दीमा रस्साकस्सी : महन्त अडिग, उत्तराधिकारी सक्रिय

**सुरेन्द्र यादव**

**साउन ८ गते, जनकपुरधाम**

जनकपुरधामस्थित जानकी मन्दिरमा नयाँ महन्त नियुक्तिका लागि गुठी संस्थानले प्रक्रिया अगाडि बढाएको छ। महन्त रामतपेश्वर दास वैष्णवको पाँच वर्षे नियुक्ति अवधि सकिएपछि संस्थानले पुनः महन्त नियुक्त गर्ने तयारी थालेको हो।

महन्त दासको नियुक्ति अवधि समाप्त भएको लामो समय बितिसक्दा पनि उनले कार्यभार नछाडेपछि गुठी सञ्चालन ऐनअनुसार नयाँ महन्त नियुक्तिको प्रक्रिया अघि बढाइएको हो। करिब २० वर्षदेखि उनी जानकी मन्दिरका महन्तका रूपमा रहेका छन्। तर यसपटक उनलाई विस्थापित गर्दै उत्तराधिकारी महन्त रामरोशन दास मुख्य महन्त बन्ने दौडमा सक्रिय देखिएका छन्। रामरोशन दासमाथि फर्जी उत्तराधिकारी परिचयपत्र बनाएको आरोप लागेपछि विवाद अदालत पुगेको थियो। केही महिनाअघि अदालतले उत्तराधिकारसम्बन्धी विवादमा फैसला गरेको थियो।

अदालतको फैसला रामरोशनको पक्षमा आएपछि गुठी संस्थानले उनलाई अनुकूल हुने गरी नयाँ मुख्य महन्त नियुक्तिको प्रक्रिया अघि बढाएको हो।

महन्त रामतपेश्वरको नियुक्ति अवधि सकिएको वर्षौं बितिसक्दा पनि संस्थानले त्यसतर्फ खास चासो दिएको थिएन। तर रामरोशनको उत्तराधिकारसम्बन्धी विवाद समाधान भएको केही महिनामै नयाँ महन्त नियुक्तिको प्रक्रिया सुरु भएपछि उनकै पहलमा संस्थान सक्रिय भएको संकेत मिलेको छ।

यसपटक रामरोशन महन्त रामतपेश्वरलाई हटाएर स्वयं मुख्य महन्त बन्ने प्रयासमा छन्। जसरी पनि नियुक्तिपत्र प्राप्त गर्ने उद्देश्यसहित उनी प्रतिस्पर्धामा उत्रिएका छन्। उनीनिकट स्रोतका अनुसार उत्तराधिकार विवाद पहिल्यै समाधान भएको भए उनी यसअघि नै महन्त बनिसक्ने थिए। केही महिनाअघि मात्रै उक्त विवाद टुंगिएपछि उनी अहिले मुख्य लक्ष्यतर्फ केन्द्रित भएका छन्।

महन्त रामतपेश्वरले आफू बिरामी भई उपचारका लागि बाहिर रहेका बेला किर्ते हस्ताक्षर गरी आफूलाई जानकी मन्दिरको उत्तराधिकारी महन्त घोषणा गरिएको आरोप लगाएपछि विवाद अदालत पुगेको थियो। तर उनीमाथि लगाइएका आरोप पुष्टि नभएपछि अदालतले रामरोशनको पक्षमा फैसला सुनाएको थियो।

अदालतको फैसलापछि उत्साहित रामरोशन यसपटक मुख्य महन्त बन्ने तयारीमा छन्। आवश्यक समन्वय र पहलमार्फत महन्त रामतपेश्वरलाई हटाएर गद्दीमा पुग्ने रणनीतिमा रहेको स्रोतको दाबी छ।

स्रोतका अनुसार रामरोशनले गुठी संस्थान शाखा कार्यालय, जनकपुरका प्रमुख किशोरकुमार झासँग प्रारम्भिक छलफल गरिसकेका छन्।

जनकपुर शाखाबाट सकारात्मक संकेत पाएपछि उनी गुठी संस्थानको केन्द्रीय कार्यालय काठमाडौंमा समेत सक्रिय भएका छन्। गुरु-शिष्य परम्परा भन्दा गुठी संस्थान ऐनअनुसार महन्त नियुक्त गर्न सर्वोच्च अदालतले निर्देशन दिएपछि उनी संस्थानमा सक्रिय रूपमा दौडधुप गरिरहेका छन्।

स्रोतका अनुसार गुठी संस्थान, जनकपुर शाखाका प्रमुखले पनि रामरोशनलाई महन्त बनाउन चाहेको चर्चा छ। तर शाखा प्रमुख किशोरकुमार झाले आफूले कुनै व्यक्तिको नाम सिफारिस नगरेको बताएका छन्।

उनले भने, "२०७० माघ १७ गते गुठी संस्थानले रामतपेश्वर दासलाई हटाएर जगदीश दास वैष्णवलाई महन्त नियुक्त गरेको थियो। त्यसविरुद्ध रामतपेश्वर सर्वोच्च अदालत जानुभएको थियो। सर्वोच्चले उहाँकै पक्षमा फैसला गरेपछि हालसम्म उहाँ नै महन्त हुनुहुन्छ।"

झाले थप भने, "२०८०-८१ मा सर्वोच्च अदालतले पुजारी लगायत जनशक्ति व्यवस्थापन निर्देशिकाअनुसार महन्त नियुक्त गर्न आदेश दिएपछि सोहीअनुसार प्रक्रिया अघि बढाइएको हो। रामतपेश्वर दास पुनः महन्त बन्न निवेदन दिनुहुन्छ वा रामरोशन आउनुहुन्छ, त्यो उहाँहरूको विषय हो। हामी गुठी ऐनअनुसार प्रक्रिया मात्रै अघि बढाइरहेका छौं।"

गुठी संस्थानले महन्त नियुक्तिको प्रक्रिया अघि बढाएपछि आफू पनि इच्छुक रहेको उत्तराधिकारी महन्त रामरोशनले बताएका छन्।

उनले भने, "अहिलेका महन्तको उमेर ७५ वर्ष नाघिसकेको छ। उहाँ आफैं हिंड्न सक्नुहुन्न, उठाउन-बसाल्न दुई जना मानिस चाहिन्छ। तपाईंहरू पनि सहयोग गर्नुस्, हामीलाई अवसर दिनुस्, जानकी मन्दिर राम्रोसँग चलाएर देखाउँछु।"

उनले थप भने, "बुढो महन्तबारे पनि समाचार लेख्नुस्। उहाँ जबर्जस्ती लामो समयदेखि महन्त भएर बस्नुभएको छ। सरकारले जानकी मन्दिरमा हस्तक्षेप गरे सरकार तीन टुक्रा हुन्छ भनेर उहाँले बोलेको अडियो पनि सार्वजनिक गर्नुस्।"

जानकी मन्दिरनिकट स्रोतका अनुसार रामरोशन अहिले मुख्य महन्त बन्ने अभियानमा छन्। त्यसका लागि उनले पहिले महन्त रामतपेश्वरलाई विश्वासमा लिने, नभए अन्य विकल्प अपनाएर पनि यसपटक मुख्य महन्त बन्ने प्रयास गरिरहेका छन्।

स्रोतका अनुसार महन्त रामतपेश्वर सहमत नभएपछि गुठी संस्थानको केन्द्रीय कार्यालयका पदाधिकारीलाई आर्थिक प्रभावमा पारेर नियुक्ति लिने प्रयाससमेत भइरहेको चर्चा छ। मन्दिरमा आयोजना हुने विभिन्न कार्यक्रममा पनि रामरोशनको सक्रियता मुख्य महन्तभन्दा बढी देखिन थालेको बताइन्छ।

रामरोशनको प्रभाव बढ्दै गएपछि महन्त रामतपेश्वरले आफूले कसैलाई उत्तराधिकारी महन्त नियुक्त नगरेको र रामरोशनले किर्ते हस्ताक्षर गरी आफूलाई उत्तराधिकारी घोषणा गरेको दाबी सार्वजनिक रूपमा गर्दै आएका थिए। त्यसपछि विवाद अदालत पुगेको थियो। अदालतले हस्ताक्षर किर्ते नभएको ठहर गरेपछि उत्तराधिकारसम्बन्धी विवाद साम्य भएको हो।

महन्त रामतपेश्वर दास र उत्तराधिकारी महन्त रामरोशन दास नाताले मामा-भान्जा हुन्। उनीहरूबीच शक्ति र स्रोतको विषयलाई लिएर लामो समयदेखि आन्तरिक विवाद रहँदै आएको छ। विशेषगरी जानकी मन्दिरमा कुनै ठूलो कार्यक्रम हुँदा उक्त विवाद सार्वजनिक हुने गरेको छ।

सप्ताहव्यापी रूपमा मनाइने विवाहपञ्चमी महोत्सवका बेला उनीहरूबीचको विवाद सञ्चार माध्यममार्फत बाहिर आएको थियो। त्यसबेला महन्त रामतपेश्वरले मन्दिरको जिम्मेवारी दिएका रामरोशनमाथि अपारदर्शितासहित विभिन्न आरोप लगाएका थिए। त्यसपछि मन्दिरभित्रको विवाद सार्वजनिक भएको थियो।

महन्त दासले रामरोशनलाई 'स्वघोषित उत्तराधिकारी महन्त' भन्दै सञ्चारमाध्यममा अभिव्यक्ति दिएपछि विवाद थप चर्किएको थियो। तर केही



दिनपछि उनले आवेगमा आएर त्यस्तो अभिव्यक्ति दिएको स्वीकार गरेका थिए।

यसअघि गुठी संस्थानले रामतपेश्वर दासले गुठीको जग्गा अतिक्रमण गरेको र नियुक्तिको सर्तअनुसार आय-व्यय विवरण नबुझाएको आरोप लगाउँदै उनलाई हटाएर जगदीश दास वैष्णवलाई महन्त नियुक्त गरेको थियो।

जगदीश दास वैष्णवलाई महन्त नियुक्त गरिएपछि जानकी मन्दिरमा महन्त गुरु-शिष्य परम्पराबाट नियुक्त हुनुपर्ने माग गर्दै रामतपेश्वर पक्षधर आन्दोलनमा उत्रिएका थिए। आन्दोलनका क्रममा गुठी संस्थान, जनकपुर शाखामा तालाबन्दीसमेत गरिएको थियो।

त्यसै क्रममा तत्कालीन गुठी प्रमुख दीपक पाण्डेलाई कालोमोसो दलेको अभियोगमा जिल्ला अदालतले रामतपेश्वर दासलाई दोषी ठहर गर्दै पाँच हजार रुपैयाँ जरिवानाको फैसला सुनाएको थियो।



# मधेसमा लगभग ८० प्रतिशत धान रोपाइ



**खबर दर्पण समाचारदाता**
**साउन ८ गते, बर्दिवास**

मनसुन सक्रिय भएसँगै मधेश प्रदेशमा धान रोपाइँको क्षेत्रफल बढेको छ। पछिल्लो एक सातामै २० प्रतिशतभन्दा बढी क्षेत्रमा थप रोपाइँ भएको कृषि विकास निर्देशनालय मधेश प्रदेशको तथ्याङ्कले देखाएको छ।

निर्देशनालयका अनुसार असार मसान्तसम्म प्रदेशमा कुल धान खेती हुने क्षेत्रफलमध्ये ५७.९३ प्रतिशतमा मात्र रोपाइँ भएको थियो। वर्षा हुन थालेपछि साउन पहिलो सातासम्म आइपुग्दा र ोपाइँ क्षेत्र बढेर ७८.५९ प्रतिशत पुगेको छ।

निर्देशनालयले बिहीबार सार्वजनिक गरेको तथ्याङ्कअनुसार प्रदेशका आठ जिल्लामा रहेको तीन लाख ८५ हजार ९३३ हेक्टर धान खेतीयोग्य क्षेत्रमध्ये तीन लाख ५८० हेक्टरमा धान रोपाइँ सम्पन्न भएको छ।

जिल्लागत रूपमा सिरहामा सबैभन्दा बढी र महोत्तरीमा सबैभन्दा कम धान रोपाइँ भएको छ। सिरहामा ५४ हजार हेक्टर धान खेतीयोग्य क्षेत्रमध्ये ९४ प्रतिशत अर्थात् ५० हजार ७६० हेक्टरमा रोपाइँ भएको छ भने महोत्तरीमा ४० हजार हेक्टर मध्ये ५५.९३ प्रतिशत अर्थात् २२ हजार ३७२ हेक्टरमा मात्र रोपाइँ भएको निर्देशनालयले जनाएको छ।

त्यसैगरी सप्तरीमा ६८ हजार हेक्टरमध्ये ७२ प्रतिशत अर्थात् ४८ हजार ९६० हेक्टर, धनुषामा ४३ हजार ७०० हेक्टरमध्ये ७९.१ प्रतिशत अर्थात् ३४ हजार ५६६ हेक्टर, सर्लाहीमा ४२ हजार ६१५ हेक्टरमध्ये ७५ प्रतिशत अर्थात् ३२ हजार २१ हेक्टर, रौतहटमा ३८ हजार ५०० हेक्टरमध्ये ७९ प्रतिशत अर्थात् ३० हजार ४१५ हेक्टर, बारामा ४५ हजार ९०० हेक्टरमध्ये ८५ प्रतिशत अर्थात् ३८ हजार ३३५ हेक्टर तथा पर्सामा ५३ हजार ९३८ हेक्टर मध्ये ८० प्रतिशत अर्थात् ४३ हजार १५० हेक्टर क्षेत्रमा धान रोपाइँ भएको छ।

निर्देशनालयका अनुसार मधेश प्रदेशमा कुल पाँच लाख ५२ हजार ७४५.५ हेक्टर खेतीयोग्य जमिन रहेको छ। त्यसमध्ये तीन लाख ८५ हजार ९३३ हेक्टर क्षेत्रमा प्रत्येक वर्ष धान खेती हुँदै आएको छ।

निर्देशनालयका बागवानी विकास अधिकृत किरण विश्वकर्माले पछिल्लो साता वर्षा भएपछि धान रोपाइँले गति लिएको बताउनुभयो। आगामी केही दिन नियमित वर्षा भए बाँकी क्षेत्रमा पनि रोपाइँ सम्पन्न हुने उहाँको भनाइ छ।

# धनुषाको ढल्केबरमा हवाई फायर गरि खैरो हेरोइनसहित दुई जना पक्राउ



**खबर दर्पण समाचारदाता**
**साउन ८ गते, बर्दिवास**

धनुषाको मिथिला नगरपालिका-६ ढल्केबरस्थित बसही खोलानजिकबाट प्रहरीले एक राउन्ड हवाई फायर गरी दुई जना भारतीय नागरिकलाई लागुऔषधसहित पक्राउ गरेको छ।

इलाका प्रहरी कार्यालय ढल्केबर र लागुऔषध नियन्त्रण ब्युरो बर्दिबास, महोत्तरीको संयुक्त टोलीले शुक्रबार दुई जनालाई नियन्त्रणमा लिएको हो।

पक्राउ पर्नेमा भारतको हरलाखी थाना-५ निवासी २८ वर्षीय सन्तोषकुमार महतो र बासोपट्टी थाना-२ निवासी ४५ वर्षीय मिथलेश साहु रहेका छन्।

इलाका प्रहरी कार्यालय ढल्केबर का प्रहरी निरीक्षक लक्ष्मण केसीका अनुसार जाँचका क्रममा प्रहरी टोलीलाई देख्नासाथ दुवै जना भाग्न खोजेपछि लागुऔषध नियन्त्रण ब्युरो बर्दिबासका प्रहरी वरिष्ठ नायब निरीक्षक प्रकाशराज थापाले एक राउन्ड हवाई फायर गर्नुभएको थियो। त्यसपछि प्रहरीले उनीहरूलाई घेराबन्दी गरी नियन्त्रणमा लिएको हो।

पक्राउ परेकामध्ये महतोको शरीर खानतलासी गर्दा पाइन्टको गोजीबाट ९५ ग्राम ५९० मिलिग्राम खैरो हेर ोइनजस्तो देखिने पदार्थ बरामद भएको प्रहरी निरीक्षक केसीले जानकारी दिनुभयो। घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

केहि समय देखि मधेसका जिल्लाहरुमा लागु औषध दुर्व्यसन का घटनाले मधेसका आठवटै जिल्लाहरुमा त्रासको पैदा भएको छ। हिजो मात्र सिरहा मा ६ राउण्ड गोली प्रहार गरि लागु औषध सेवन कर्ता हरुलाई समातेको थियो भने आज शुक्रबार रौतहट को गुजरा नगर पालिका मा समेत लागि औषध सेवा कर्ता एक युवाले महिलाको घाँटी रेटेर दिनदहाडै हत्या गरेको छ। जसले गर्दा मधेस का आठवटै जिल्लाहरु धनुषा, सिर हा, सप्तरी, सर्लाही, महोत्तरी,बारा पर्सा रौतहट मा शान्ति - सुरक्षामा चुनौती थपिएको छ। मानिसहरू घर बाहिर आवतजावत गर्दा लागु औषध सेवन गरेका व्यक्तिहरुबाट आक्रमणको डर ले मधेसमा डरको माहौल पैदा भएको छ ।

मादक पदार्थ नखाएर यात्रा गर्नुहोस् ।
“सुरक्षित यात्रा गरौं - मादक पदार्थको सेवन गरेर गाडी चलाउँदा जीवनको जोखिम बढ्दछ।“
गौशाला नगरपालिका, महोत्तरी

## माइग्रेसन सर्टिफिकेट हरायो

जलेश्वर देखि जनकपुरधाम जाने क्रममा २०८३।०१।१५ गते निम्न व्यहोरा भएको माइग्रेसन सर्टिफिकेट हराएको हुँदा फेला पार्नु हुने महानुभावले नजिकैको प्रहरी कार्यालयमा बुझाई दिनु हुन अनुरोध छ ।

१.नामः बिक्रम कुमार महतो
२.बुवा को नाम : दिनेश महतो पासी
३.घर : जलेश्वर ना.पा. वडा न.०२ , महोत्तरी
४.NEB Registration No. : ७९२१८०३८००७०

अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ वर्षे नर्सिङ कलेज भएको महोत्तरीको एकमात्र अस्पताल

- २४ सैं घण्टा इमर्जेन्सी सेवा
- ICU, NICU, PICU सेवा
- X-Ray, USG, CT Scan सेवा
- Endoscopy/Diode Laser सेवा
- Laproscopy सेवा
- क्याबिनको समेत व्यवस्था भएको
- विभिन्न रोगहरुको विशेषज्ञ डाक्टरहरुद्वारा उत्कृष्ट स्वास्थ्य सेवा
- 24/7 Ambulance सेवा

SHUBHA SWOSTIK HOSPITAL PVT.LTD

शुभ स्वस्तिक हस्पिटल प्रा.लि.
मेनरोड बर्दिवास, महोत्तरी
044-550255

खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्केन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,